नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: कालो बजारी ।**

**मि.नं.-६२६ दायर मितिः-२०८१/०३/२०**

**फैसला मितिः-२०८१/०३/२७**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्रहरीको प्रतिवेदनले** | **वीरमान पहरीको छोरा जिल्ला सिन्धुली हरिहरपुरगढी गा.पा. वडा नं २ घर भई जिल्ला पर्सा बी.म.न.पा. वडा नं ८ स्थित M.A.M. Repacking Udhyog सञ्चालन गरी** |
| **नेपाल सरकार.........................१** | **बस्ने बर्ष २८ को मणिराज पहरी...............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले ढलान केमीकलमा मिसावट गरिरहेको भन्ने सूचना प्राप्त हुन साथ उद्योगमा खान तलासी गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले ढलान केमीकलमा मिसावट गरिरहेको भन्ने सूचनाको आधारमा उद्योगमा खान तलासी गरी बरामत भएको सम्बन्धित सामान/दसीको विवरण ढलान केमीकलमा मिसावट गरिरहेको भन्ने सूचना प्राप्त हुनसमेतको व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले ढलान केमिकलको रिप्याकिङ गर्ने ईजाजतपत्र लिई सो नगरी ढलान केमीकल आफै तयार गरी मिसावट गरी बनाई विक्री वितरण गरेकोढलान केमीकलमा मिसावट गरिरहेको भन्ने सूचना प्राप्त हुनले प्रहरीले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. ढलान केमीकलमा मिसावट गरेकोढलान केमीकलमा मिसावट गरिरहेको भन्ने सूचना प्राप्त हुनले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बासुदेव सहनी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।२।३२ गते जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं ८ स्थित प्रेम राईको घरमा बस्ने मणिराज पहरीले सञ्चालन गरेको M.A.M. Repacking गर्ने ढलान केमिकल्समा मिसावट गरिरहेको भन्ने विशेष सूचनाको आधारमा उक्त स्थानमा गई मणिराज पहरीलाई खानतलासी जनाउ पूर्जी दिई खान तलासी गर्दा safe crete लेखिएको ग्यालेनमा प्याक भएको ढलान केमिकल २४ कार्टुन, नम्बर छाप्ने मेसिन थान १, नम्बर भएको बक्स थान १, विद्युतीय तराजु थान १, चक पाउडरको सानो बोरा ९ वटा, खाली ग्यालिङ ८० पिस, पहेंलो माटोको बोरा ९ वटा, Unitint लेखिएको १०० ग्रामको कलरको खालि बट्टा १५ वटा, Unitint लेखिएको १०० ग्रामको केमिकल भएको बट्टा ५ वटा, safe crete लेखिएको स्टिकर २ बोरा, प्लाष्टिकको खाली सानो ड्रम १७ वटा, प्लाष्टिकको खाली ठूलो ड्रम ३ वटा, ग्यालिनको बिर्को अं २ किलो, प्लाष्टिकको पाउच सिल गर्ने मेसिन थान १, SANDESH Acrylic Distemper लेखेको प्लाष्टिकको झोला ४ बोरा फेला परेको हुँदा बरामद गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले रिप्याकिङ मात्रको ईजाजत भएको अवस्थामा पनि आफैले ढलान गर्ने केमिकलमा मिसावट पदार्थहरु राखी उत्पादन गरी विक्रि वितरणको लागि राखेको अवस्थामा बरामद भएको देखिँदा निज प्रतिवादीले कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६ बमोजिमको कसूर गरेको ठहर्छ। सो ठहर्नाले कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६ बमोजिम प्रतिवादी मणिराज पहरीलाई कैद दिन २०, जरिवाना रु.३०,०००/- अक्षरेपी तीस हजार .मात्र, क्षतिपूर्ति शुल्क रु.१२००/- अक्षरेपी एक हजार दुई सय मात्र र उद्योगबाट बरामद गरेको safe crete लेखिएको ग्यालेनमा प्याक भएको ढलान केमिकल २४ कार्टुन, खाली ग्यालिङ ८० पिस, पहेंलो माटोको बोरा ९ वटा, Unitint लेखिएको १०० ग्रामको कलरको खालि बट्टा १५ वटा, Unitint लेखिएको १०० ग्रामको केमिकल भएको बट्टा ५ वटा, safe crete लेखिएको स्टिकर २ बोरा मात्र जफत हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ६ बमोजिम प्रतिवादी मणिराज पहरीलाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१/०२/३२ देखि २०८१/०३/१९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको, जरिवानाको हकमा र.नं.६०३/२०८१/०३/२० दाखिला गरेको धरौटी रकम रु.१००००० बाट रकम रु.३०,०००./-, क्षतिपूर्ती शुल्क रु.१२००/- कट्टी गर्नु र उद्योगबाट बरामद गरेको safe crete लेखिएको ग्यालेनमा प्याक भएको ढलान केमिकल २४ कार्टुन, खाली ग्यालिङ ८० पिस, पहेंलो माटोको बोरा ९ वटा, Unitint लेखिएको १०० ग्रामको कलरको खालि बट्टा १५ वटा, Unitint लेखिएको १०० ग्रामको केमिकल भएको बट्टा ५ वटा, safe crete लेखिएको स्टिकर २ बोरा मात्र जफत गर्नु ----------------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु---------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना २७ गते विहीवार रोज ५/ ने.सं. ११४४ दिल्लाथ्व पञ्चमी, शुभम् ........